प्रदेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सिराहा

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित: मिति २०८१/१०/३०**

यस विज्ञ केन्द्रको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका कार्यक्रम संचालनका लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ । (पहिलो संशोधन, २०७७) तथा सम्बन्धित कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि अनुरुप तपसिल बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक/उद्यमी व्यवसायिक फार्महरुले देहाय बमोजिमका कागजात सहित १५ औं दिन (मिति २०८१/११/१४) सम्म कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । सूचना बमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ । यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८ र कार्यक्रम संयोजक अधिकृत छैठौं, प्रा. (ला.पो.डे.डे.) श्री बिरेन्द्र कुमार यादवलाई मोबाईल नं. ९८४२९६६७२३/९८१३३१२२२८ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**तपसिलः**

कार्यक्रमको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रति कार्यक्रम अनुदान रकम | साझेदार अनुदानग्राही |
|---|---|---|---|---|---|
| क. | निजी सार्वजनिक, सहकारी संघ संस्थाको साझेदारीमा दुध संकलन तथा चिस्यान केन्द्र स्थापनाको लागि अनुदान सहयोग कार्यक्रम । | संख्या | २ | रु. ५ लाख (लागत साझेदारी ५० प्रतिशत) | स्थानीय तह तथा सम्बन्धित निकायमा दर्ता भएका निजी व्यवसायी, व्यवसायी संघ संस्था, कृषक समूह समिति, व्यवसायिक फार्म संचालक, पशुपन्छीजन्य उत्पादक, संकलन, प्रशोधन तथा विविधिकरणमा लागेका उद्यमी । |
| ख. | हरुवा चरुवा, दलित लगायत लक्षित वर्गको जीविकोपार्जनको लागि १०० प्रतिशत मा अनुदानमा पशुपन्छी पालन कार्यक्रम | संख्या | आ.अ. | आ.अ. | व्यवसायिक बाखा/बंगुर/कुखुरा/हाँस पालन । |

**देहायः**

| निजी सार्वजनिक, सहकारी संघ संस्थाको साझेदारीमा दूध संकलन तथा चिस्यान केन्द्र स्थापनाको लागि अनुदान सहयोग कार्यक्रम । | हरुवा चरुवा, दलित लगायत लक्षित वर्गको जीविकोपर्जनका लागि १०० % मा अनुदानमा पशुपन्छी पालन कार्यक्रम । |
|---|---|
| १. रु १० को टिकट टाँस गरी फा.न. २ अनुसारको प्रस्ताव/आवेदन,<br>२. व्यक्तिको हकमा निजको र कानून बमोजिम दता भएका समूह, सहकारी, व्यवसायिक निजी फार्मको प्रस्तावमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>३. व्यावसायिक फार्म/समूह/सहकारी/नीजि फार्म उद्योगीको सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर ( PAN) प्रमाणपत्रको प्रतिलिपि,<br>४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,<br>५. तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु,<br>६. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना,<br>७. व्यवसाय योजना बमोजिमको डिजाइन र लागत अनुमान,<br>८. समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि,<br>९. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूजाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको) समेत,<br>१०. अन्य आवश्यक कागजातहरुः | १. रु १० को हुलाक टिकट टाँसेको फाराम नं.२ अनुसारको प्रस्ताव/आवेदन,<br>२. आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>३. सम्बन्धित स्थानिय तहवाट हरुवा चरुवा, दलित लगायत लक्षित वर्ग पहिचान हुने सिफारिस पत्र १ |

**पुनश्चः** सूचना तथा निवेदन प्रस्तावको ढाँचा विज्ञ केन्द्र, सिराहाबाट प्राप्त गर्नु हुन वा कार्यालयको वेबसाईटः vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नु हुन अनुरोध छ ।